# नेपाल सरकार
# गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, सुनसरी
# जिल्ला प्रशासन सुधार वार्षिक कार्ययोजना, २०७७
## (२०७७ श्रावण १ देखि २०७८ असार मसान्त सम्म)

| सि.न. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| **क) जनमैत्री कार्यालय व्यवस्थापन** | | | | | | |
| १ | सेवाग्राहीहरूलाई सेवा प्रवाहमा सहजिकरणका लागि सुनसरी जिल्ला स्थित सबै सरकारी कार्यालयहरुमा नागरिक सहायता कक्ष (Help Desk) स्थापना तथा प्रभावकारी संचालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरू | २०७७ श्रावण दोस्रो हप्ताबाट शुरू गरी निरन्तर | सेवा प्राप्तिमा सेवाग्राहीलाई सहज भएको हुने । | सहायता कक्ष स्थापना र सेवा संचालन अवस्था |
| २ | सुनसरी जिल्ला स्थित सबै सरकारी कार्यालयहरूमा सेवाग्राहीहरूको लागि Free Wi-Fi, Television, First-Aid Kit, शुद्ध खानेपानी, mobile Charging Station को व्यवस्था गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरू | २०७७ श्रावण मसान्तबाट शुरू गरी निरन्तर | सेवाग्राहीमैत्री कार्यालय व्यवस्थापन भएको हुने । | उल्लेखित सेवा सुविधा उपलब्धता तथा उपयोगको अवस्था |
| ३ | सुनसरी जिल्ला स्थित सबै सरकारी कार्यालयहरूमा अपाङ्ग मैत्री कार्यालय व्यवस्थापन, स्तनपान कक्ष, लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरू | २०७७ श्रावण मसान्तबाट शुरू गरी निरन्तर । | लैङ्गिक संवेदनशिल कार्यालयको रूपमा विकास भएको हुने । | स्तनपान कक्ष तथा शौचालयको व्यवस्था तथा प्रयोग । |
| ४ | सुनसरी स्थित सवै सरकारी कार्यालयहरूमा सेवाग्राहीमैत्री प्रतिक्षालय कक्षको व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरू | २०७७ श्रावणा दोस्रो हप्ताबाट शुरू गरी निरन्तर | सेवा प्रवाह र प्राप्तिमा सेवा प्रदायक र सेवाग्राहीलाई सहज हुने | प्रतिक्षालयको निर्माण र संचालन |
| ५ | जिल्ला प्रशासन कार्यालयमा विद्युतिय नागरिक वडापत्र (Digital Citizen Charter) को अध्यावधिक गरि संचालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरू | २०७७ आश्विन मसान्त | कार्यालयबाट प्रवाह हुने सेवा तथा प्रकृयाको जानकारी भइ सेवा प्रावह छिटो छरितो हुने । | विद्युतिय नागरिक वडापत्र |
| ६ | सुनसरी जिल्ला स्थित सबै सरकारी, बैंक तथा वित्तीय संस्थाहरूमा आगलागीको सम्भावित जोखिम न्युनिकरण गर्नका लाग उच्च क्षमताको कम्तिमा १ १ बटा Fire extinguisher जडान गर्ने तथा सो संचालनका लागि अभिमुखिकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरू | २०७७ भाद्र मसान्त भित्र | आकश्मिक रुपमा हुन सक्ने आगलागीको जोखिम न्युनिकरण हुने । | Fire extinguisher जडान तथा अभिमुखिकरण |

| सि.न. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | कार्यान्यवन सूचक |
|---|---|---|---|---|---|---|
| ७ | कार्यालय परिसरलाई स्वच्छ र हरियाली बनाउने साथै एक कर्मचारी एक बिरुवा रोपण तथा संरक्षण अभियान संचालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ दोस्रो चौमासिक | कार्यालय परिसर स्वच्छ र हरियाली हुने । | कार्यालय परिसर |
| ८ | जिल्ला प्रशासन कार्यालयको कम्पाउण्ड भित्र वृक्षारोपण लगायत सरसफाइ गर्ने । | जिल्ला प्रशासन कार्यालय | डिभिजन वन कार्यालय, भू संरक्षण कार्यालय | २०७७ पहिलो चौमासिक | कार्यालय तथा परिसर सफा तथा हरियाली हुने । | सुरक्षित तथा सफा तथा स्वस्च्छ हरित परिसर |
| ९ | सुनसरी जिल्ला स्थित सबै सरकारी कार्यालयहरूमा सूचना अधिकारीको व्यवस्था गरी सूचना अधिकारीहरूको लागि छुट्टै मोवाइल नम्वरको ब्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ भाद्र मसान्त भित्र | सेवाग्राहीलाई सूचना तथा जानकारी प्राप्त गर्न सहज भएको हुने । | सुचना अधिकारी र मोवाइल नं |
| १० | सुनसरी जिल्ला स्थित सबै सरकारी कार्यालयले सूचनाको हक सम्वन्धि ऐनको ब्यवस्था अनुसार कार्यालयका ३ ३ गतिविधिहरूलाई स्वतः प्रकाशन (Pro-active Disclosure) मार्फत अनिवार्य सार्वजनिक गर्ने र बार्षिक प्रगति अवस्था समेत सार्वजनिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरु | निरन्तर | सरकारी कार्यालयबाट सम्पादित कार्यहरूको बारेमा सेवा सुसुचित भएको हुने । | स्वतः प्रकाशन तथा वार्षिक प्रतिवेदन |
| ११ | सुनसरी जिल्ला स्थित सबै सरकारी कार्यालयबाट आफ्नो वार्षिक विकास कार्यक्रमहरू आम नागरिकहरूलाई जानकारी गराउन सम्वद्घ पक्षहरूको उपस्थितिमा सार्वजनिकीकरण कार्यक्रम संचालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यलय, स्थानीय तह, राजनितिक दल र संचार माध्यम | २०७७ भाद्र | विकास कार्यक्रमहरूका बारेमा आम नागरिकहरूलाई जानकारी प्राप्त हुने साथै ३ वटै सरकारबीच समन्वय हुने तथा दोहोरोपना न्युनीकरण भएको हुने । | कार्यक्रम संचालन प्रतिवेदन |
| १२ | जिल्ला स्थित सबै विकास आयोजना संचालन गर्ने सरकारी कार्यालयबाट तोकिएको समयमानै विकास आयोजना सम्पन्न गर्नका लागि समयमा नै खरिद। टेन्डर प्रकृया शुरू गर्ने, गुणस्तर कायम गर्ने कार्यमा आवस्यक समन्वय, अनुगमन तथा सुपरिवेक्षण गर्ने । | जिल्ला प्रशासन कार्यालय | राजनैतिक दल स्थानीय तह, विकास आयोजना सम्पादन गर्ने कार्यालय, संचार माध्यम, निर्माण व्यवसायी, आम नागरिक | | | |
| १३ | जिल्ला स्थित सबै सरकारी कार्यालयहरुले आफ्नो सेवा प्रवाहका सम्वन्धमा जनताको पृष्ठपोषण प्राप्त गर्न सेवाग्राही सन्तुष्टी सर्वेक्षण गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ मंसिर मसान्त सम्म | सार्वजनिक सेवा प्रवाह सम्वन्धमा सेवा ग्राहीको पृष्ठपोषण प्राप्त हुने । | सेवा ग्राही सन्तुष्टी सर्वेक्षण प्रतिवेदन |
| १४ | जिल्ला स्थित सबै सरकारी कार्यालयका गतिविधिहरूको नियमित र आकस्मिक अनुगमन तथा सुपरिवेक्षण गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | निरन्तर | सबै सरकारी कार्यालयका सेवाहरू जनमैत्री भएको हुने | अनुगमन तथा सुरपरीवेक्षण योजना तथा प्रतिवेदन |
| १५ | जिल्ला प्रशासन कार्यालयका महत्वपुर्ण दस्तावेजहरूको Digitalization गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | निरन्तर | अभिलेखहरू सुरक्षित तथा संरक्षित भई विद्युतिय शासनमा टेवा पुग्ने । | डिजिटलाइज गरिएको दस्तावेज |

| सि.न. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | कार्यान्यवन सूचक |
|---|---|---|---|---|---|---|
| १६ | शान्ति सुरक्षा, विषद सेवा प्रवाह सुशासन सम्वन्धी उजुरी तथा गुनासो सम्वोधन गर्न जिल्ला प्रशासन कार्यालयमा Hotline मार्फत २४ सै घण्टा उजुरी, गुनासो सुनुवाई हुने संयन्त्र विकास गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय, स्थानीय तह राजनैतिक दल, संचार माध्यम | २०७७ भाद्र मसान्तबाट निरन्तर | सुशासन प्रवर्द्धन गर्न सहयोग पुगेको हुने | Hot Line Number तथा गुनासो सुनुवाई सम्वन्धि अर्धवार्षिक प्रतिवेदन |
| १७ | सुनसरी जिल्ला स्थित सबै सरकारी कार्यालयहरूले कार्यालयबाट सम्पादन गरिएका गतिविधिहरूलाई मासिकरूपम वेभसाइट, सूचनापाटी मार्फत सार्वजनिक गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ श्रावण मसान्त, निरन्तर | कार्यसम्पादन जवाफदेहीता तथा पारदर्शिता कायम भएको हुने | मासिक प्रगति प्रतिवेदन |
| १८ | जिल्ला स्थित सबै सरकारी कार्यालयले आफ्नो स्वमित्वमा रहेका चल अचल सम्पति (जग्गा, भवन, सवारी साधन) को अभिलेख सुरक्षित राख्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ श्रावण मसान्त, निरन्तर | सरकारी सम्पतिको उपयोग तथा संरक्षण भएको हुने । | चल अचल सम्पति अभिलेख |
| १९ | जिल्ला प्रशासन कार्यालयका समग्र गतिविधिहरू समावेश गरी अर्धवार्षिक र वार्षिक वुलेटिन प्रकाश गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७।७८ को माघको पहिलो हप्ता, श्रावण पहिलो हप्ता | कार्यालयका गतिविधहरू पारदर्शी हुने । | वलेटिन |
| २० | सार्वजनिक सेवा प्रवाहमा सरलिकरण गर्न सबै सरकारी कार्यालयका सेवाहरू र सो प्राप्तिको प्रकृया सहित एकीकृत नागरिक वडा पत्र प्रकाशन गर्ने तथा स्थानीय तह सम्म प्रवोधिकारण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू, स्थानीय तह, संचार माध्यम | २०७७ साल भाद्र मसान्त | सार्वजनिक सेवा तथा प्राप्तिको प्रकृयाका वारेमा सेवाग्राहीलाई जानकारी प्राप्त भई सेवा प्रवाह र प्राप्तिमा सहज भएको हुने । | एकीकृत नागरिक वडा पत्र तथा प्रवोधिकरण |
| २१ | सबै सरकारी कार्यलयहरूमा उत्कृष्ट कार्यसम्पादन गर्न कम्तिमा १।१ जना कर्मचारीलाई पुरस्कृत गर्नेका साथै सेवा निवृत भई यस जिल्लामा रहने कर्मचारीलाई सम्मान गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय | २०७७ भाद्र २२ | उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीको मनोवल उच्च हुनुका साथै सेवा निवृतहरूले सम्मानित भएको अनुभूति गरेको हुने । | पुरस्कृत तथा सम्मानित कर्मचारी विवरण |
| २२ | उच्च कार्यबोझमा कार्य गर्ने कार्यतालिका कर्मचारीहरूलाई तनाव व्यवस्थापन, मनोसामाजिक परामर्श सम्वन्धि तालिम लगायत संचालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | विभिन्न संघसंस्थाहरू | २०७७ मंसिर मसान्त | कर्मचारीबाटै सेवाग्राहीमैत्री व्यवहार प्रदर्शित भएको हुने । | तालिम संचालन प्रतिवेदन |
| २३ | सरकारी सवारी साधनको सदुपयोगका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू, जिल्ला प्रहरी कार्यालय | २०७७ भाद्र मसान्त | सरकारी सवारी साधनहरू मितव्ययी रुपमा उपयोग भएकव हुने । | कार्यविधि र कार्यान्वयन अवस्था प्रतिवदेन |
| २४ | मुआव्जा वितरण सम्वन्धि विस्तृत अभिलेख तयार गरी अर्धवार्षिक। वार्षिक रुपमा सार्वजनिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | मालपोत कार्यालय, स्थानीय तह, विकास आयोजनाहरू | भाद्र मसान्त, निरन्तर | मुआव्जाको विवरण व्यवस्थित हुने । | मुआव्जा अभिलेख |

| सि.न. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | कार्यान्यवन सूचक |
|---|---|---|---|---|---|---|
| २५ | उपभोक्ता हित प्रवर्द्धन हुनेगरी स्थानीय तहसँगको समन्वयमा बजार अनुगमन, योजनाका आधारमा नियमित तथा आकस्मिक रुपमा बजार अनुगमन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, अन्य सरकारी कार्यालय, उद्योगी, ब्यवसायी, सञ्चार माध्यम, उपभोक्ता | निरन्तर | उपभोक्ता हित प्रवर्द्धन भएको हुने । | बजार अनुगमन योजना तथा अनुगमन प्रतिवेदन |
| २६ | सेक्युरिटी कम्पनीहरू, पानी उद्योग, अन्य उत्पादन मुलक उद्योगहरूको नियमित र आकस्मिक अनुगमन | जिल्ला प्रशासन कार्यालय | सुरक्षा नियकाहरू, स्थानीय तहहरू, गुणस्तर नियन्त्रण तथा नापतौल कार्यालय, अन्य सम्वन्ध निकायहरू | नियमित आकस्मिक | बस्तु तथा सेवाको गुणस्तरको सुनिश्चितता भएको हुने । | अनुगमन प्रतिवेदन |
| **ख) शान्ति सुरक्षा र अपराध नियन्त्रण** | | | | | | |
| २७ | Security Profile. Crime Mapping सहितको सुरक्षा रणानीतिक योजना अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गर्ने । | जिल्ला सुरक्षा समिति | जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकाय, स्थानीय तह, राजनैतिक दल, सबै सरकारी कार्यालय, सँचार माध्यम, आम नागरिक | २०७७ श्रावण मसान्त सम्म अद्यावधिक तथा निरन्तर कार्यान्वयन | शान्ति सुरक्षा तथा अमनचैन कायम भई शान्ति सुरक्षा प्रति जनविश्वास अभिवृदि हुने । | रणनीतिक सुरक्षा योजना तथा कार्यान्वयन प्रगति अवस्था |
| २८ | जिल्लामा घटेका आपराधिक गतिविधिहरुको आवधिक समीक्षा, विश्लेषण गरी नियन्त्रणका लागि राजनैतिक दल, स्थानीय तह, सरोकारवाला पक्षहरू सँग समन्वय तथा सहकार्य गर्ने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समिति, स्थानीय तह, संचार माध्यम, आम नागरिक | निरन्तर | अपराधिक अवस्थाको पहिचान भई समयमै निराकरणमा सहयोग भएको हुने । | स्थिति प्रतिवेदन |
| २९ | जिल्ला भित्रका नदी खोला नदिजन्य पदार्थको दीगो संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपूर्ति गर्न र नदीप्रणालीबाट उत्खनन, संकलन तथा विक्री वितरण हुने पदार्थको अव्यवस्थित र अत्याधिक दोहन हुन नदिन, दीगो व्यवस्थापनको प्रवन्ध मिलाई सार्वजनिक निर्माण कार्यालाई सहज बनाउन प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भै कार्यविधिको नदीजन्य पदार्थ(संकलन र उपयोग कार्विधि, २०७५ को परिच्छेद छ को नियम १५ (१) बजोजिम नदीजन्य पदार्थको उत्खनन् संकलन विक्री वितरण सम्बन्धि प्रक्रिया कडाइपूर्वक पालना गराउने ।वर्षादको समयमा अवैध रुपमा नदीजन्य पदार्थको उत्खनन्, संकलन, ओसारपसार र चोरी निकासी कडाइपूर्वक नियन्त्रण गर्ने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला अनुगमन समिति, जिल्ला सुरक्षा समिति, जिल्ला प्रहरी कार्यालय, शसस्त्र प्रहरी वल, स्थानीय तह, सञ्चार माध्यम आम नागरिक | | नदी खोलाका नदीजन्य पदार्थको दीगो संरक्षण र व्यवस्थपन तथा सदुपयोग गरी सहज आपूर्ति गर्न र नदीप्रणालीबाट उत्खनन्, संकलन तथा विक्रि वितरण हुने पदार्थको अव्यवस्थित र अत्याधिक दोहन हुन नदीन, दीगो व्यवस्थपानको प्रवन्ध मिलाई सार्वजिनक निर्माण कार्यलाई सहज हुने । नदीजन्य पदार्थको अवैध उत्खनन, संकलन, ओसारपसार र चोरी निकासी नियन्त्रण हुने । | |

| सि.न. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | कार्यान्यवन सूचक |
|---|---|---|---|---|---|---|
| ३० | शान्ति सुरक्षाको अनुभूति अवस्था पहिचानका लागि सर्वेक्षण गर्ने | जिल्ला सुरक्षा समिति | जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकाय, स्थानीय तह, सँचार माध्यम आम नागरिक | २०७७ पौष मसान्तसम्म | आम नागरिकले अनुभूत गरेको शान्ति सुरक्षाको स्थिति पहिचान भई थप सुधार गर्न मद्दत पुग्ने । | सर्वेक्षण प्रतिवेदन |
| ३१ | सामाजिक अपराध न्यूनिकरणका लागि स्थानीय तहको समन्वयमा विद्यालयक मार्फत School Outreach कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाइ विद्यालय । | २०७७ मंसिरबाट शुरु गरी निरन्तर कार्यान्वयन | समाजमा अपराधका घटनाहरू न्युनिकरण भई समाजमा दिगो शान्ति कायम गर्न मद्दत पुग्ने । | कार्यक्रम सञ्चालन प्रतिवेदन । |
| ३२ | राजमार्गमा हुने जुनसुकै अवरोधलाई तत्काल हटाइ निर्वाध रूपमा यातायात सुचारू गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला स्थित सबै सुरक्षा निकायहरू | स्थानीय तह, यातायात व्यवसायी, निजीक्षेत्र | निरन्तर | राजमार्ग अवरोधको घटना न्युनिकरण भई यातायात संचालन हुने । | प्रतिवेदन |
| ३३ | सडक बजार क्षेत्रमा रहेको CCTV हरू मार्फत गतिविधिहरूको जिल्ला प्रहरी कार्यालय तथा जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रबाट नियमित विश्लेषण गर्ने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, स्थानीय तह, जिल्ला आपतकालिन संचालन केन्द्र | निरन्तर | सुरक्षा सतर्कता उच्च भएको हुने | सी.सी. टि.भि विश्लेषण । |
| ३४ | अन्तरजिल्ला सुरक्षा समन्वय बैठकमार्फत जिल्लाका गतिविधिहरुको आदानप्रदान गर्ने । | जिल्ला सुरक्षा समिति | छिमेकी जिल्लाका जिल्ला सुरक्षा समिति, जिल्ला प्रशासन कार्यालय | निरन्तर | शान्ति सुरक्षा तथा अपराध न्युनिकरण अनुभव आदानप्रदान | समन्वय वैठक संख्या तथा प्रतिवेदन |
| ३५ | रुग्ण विकास आयोजनाहरूको विवरण अद्यावधिक गरी तत्काल कार्य सूचारु गर्ने वातावरण सृजना गर्ने | जिल्ला प्रशासन कार्यालय | स्तथानीय तह, सम्वन्धित कार्यालय र आयोजना, सुरक्षा निकाय | २०७७ श्रावण महिनाबाट निरन्तर | रुग्ण विकास आयोजनाहरूको पहिचान भइ समयमानै सम्पन्न गर्ने वातावरण तयार भएको हुने । | रुग्ण आयोजनाहरूको विवरण तथा निर्माण प्रतिवेदन |
| ३६ | कारागारको भौतिक व्यवस्थापनलाई मानवोचित वनाउन आवस्यक, भवन, व्यारेक निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकारसँग समन्वय गर्ने । | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय | निरन्तर | जिर्ण कारागार पूर्वाधारको निर्मा तथा सुधार भएको हुने । | पूर्वाधार निर्माण अवस्था |
| ३७ | गैर सरकारी संस्थाहरूको विस्तृत प्रोफाइल तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय | गैरसरकारी संघ संस्था महासंघ | २०७७ अशोज मसान्त | गैर सरकारी संस्थाहरूको विवरण एकीकृत भई ति संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरू अनुगमन गर्ने कार्य प्रभावकारी हुने । | प्रोफाइल |

| सि.न. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | कार्यान्यवन सूचक |
|---|---|---|---|---|---|---|
| ३८ | अर्ध न्यायिक निकायमा कार्यरत कर्मचारीहरूलाई कानुन तथा न्यायसम्वन्धि तालिम प्रदान गर्ने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला अदालत, सरकारी वकिल कार्यालय तथा अर्ध न्यायिक निकायहरू | २०७७ श्रावण मसान्त | लागु औषध गतिविधिहरु न्युनिकरण भएको हुने । | योजना तथा कार्यान्वयन प्रतिवेदन |
| **ग विपद व्यवस्थापन** | | | | | | |
| ३९ | विपद पूर्व तयारी तथा प्रतिकार्य योजना (Disaster preparedness and Response Plan- DPRP) कोभिड १९ पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा (Covid Response Plan) तर्जुमा, परिमार्ज तथा कार्यान्वयन | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट | स्थानीय तह स्तरीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरू विपद् व्यवस्थापन क्लस्टर, सरकारी तथा गैरसरकारी सरोकारवाला | २०७७ अशोज मसान्त | विपद् व्यवस्थापन तथा कोभिड १९ को संक्रमण व्यवस्थापन प्रभावकारी भएको हुने । | योजना दस्तावेज तथा कार्यान्वय प्रतिवेदन । |
| ४० | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र District Emergency Operation Center DEOC मा रहेको सँचार सेट मर्मत सम्भार गरि सँचर सम्पर्क चुस्त दुरूस्त बनाउने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय | जिल्ला स्थित सुरक्षा निकायहरू स्थानिय तह, | २०७७ श्रावणबाट शुरू गरी निरन्तर | विपदजन्य घटनाहरूको सूचना संकल भई विपद् व्यवस्थापनमा सहयोग पुगेको हुने । | DEOC स्थापना तथा सँचालन |
| ४१ | विपद् जोखिमको पूर्वानुमानका आधारमा खोज तथा उदारका लागि आवस्यक सामग्रिसहितको आपतकालिन Ware House स्थापना गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला प्रशासन कार्यालय स्थानीय तह, विपद् व्यवस्थापन क्लस्टर | निरन्तर | विपदजन्य घटनाहरूको बारेमा यथाशीध्र जानकारी प्राप्त भघ समयमै व्यवस्थापन गर्न सहयोग पुगेको हुने । | जानकारी प्राप्त गर्ने व्यक्ति तथा संस्था |
| ४२ | SMS मार्फत विपद् घटनाहरूको वारेमा सम्वद्व व्यक्ति, निकायहरुलाई जानकारी गराउने । | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, विपद् ब्यवस्थापन क्लस्टर | निरन्तर | विपदजन्य घटनाहरुको बारेमा यथाशीध्र जानकारी प्राप्त भइ समयमा नै व्यवस्थापन गर्न सहयोग पुगेको हुने । | जानकारी प्राप्त गर्ने व्यक्ति तथा संस्था |
| ४३ | विपद्को प्रकृति अनुसार QRT गठन गर्ने तथा परिचालनका लागि क्षमता विकास गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह सुरक्षा निकायहरू | २०७७ पौष मसान्त | विपदजन्य घटनाको तत्काल खोज तथा उद्दार कार्य भई नागरिकले सुरक्षा महसुस गरेको | QRT विवरण र क्षमता विकास कार्यक्रम सचालन प्रतिवेदन । |

| सि.न. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | कार्यान्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ४४ | सबै स्थानीय तहमा स्थानीय आपतकालिन कार्य संचालन केन्द्र LEOC स्थापनाका लागि समन्वय र सहकार्य गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति | स्थानीय तह | २०७७ श्रावण मसान्तबाट निरन्तर | स्थानीय स्तरमा विपद् व्यवस्थापनका कार्यमा प्रभावकारीता कायम हुने | LEOC स्थापनाका लागि समन्वय प्रतिवेदन |
| ४५ | सबै सरकारी कार्यालयमा सेवाग्राहीले हातधुने व्यवस्था, सेनिटाइजर उपलब्ध हुने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सरकारी कार्यालयहरू संचार माध्यम आम नागरिकहरू । | २०७७ श्रावण १ गते बाट निरन्तर | कार्यस्थलमा संक्रमणजन्य रोग फैलिनबाट रोक्ने उपाय प्रभावकारी भएको हुने । | जनस्वास्थ्य सुरक्षाका सामग्रि तथा उपयोग अवस्था |
| ४६ | COVID 19 को सम्भावित संक्रमण नियन्त्रण गर्नका लागि स्वास्थय परीक्षणको दायरा वढाउदै लैजाने । | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट | स्वास्थय कार्यालय, स्थानीय तह, सुरक्षा निकायहरू, तथा प्रयोगशालाहरू | निरन्तर | संक्रमणको स्थिति पहिचान भई संक्रमण व्यवस्थापनमा पद्दत पुगेको हुने । | स्वास्थ्य परीक्षण संख्या तथा प्रतिवेदन |
| **घ) कोभिड १९ रोकथाम तथा नियन्त्रण ।** | | | | | | |
| ४७ | सूचना र संचार तथा जनचेतना | जिल्ला प्रशासन कार्यालय | जिल्ला स्थित सुरक्षा निकायहरू, स्थानिय तह, स्वास्थ्य कार्यालय, अस्पतालहरू सामाजिक संघ संस्थाहरु | निरन्तर | कोभिड १९ को रोकथाम तथा प्रभावकारी नियन्त्रण भइ संक्रमितको संस्था न्यून हुनेछ । | कार्यक्रम प्रतिवेदन |
| ४८ | क्वारेन्टाइन आइसोलेसन निर्माण लागि प्रदेश तथा स्थानीय तह सँग समन्वय | जिल्ला प्रशासन कार्यालय | स्वास्थ्य कार्यालय, सुरक्षा नियकाय | निरन्तर | | वैठक तथा क्वारेन्टाइन आइसोलेशन स्थान निर्माण तथा अनुगमन प्रतिवेदन |
| ४९ | स्वास्थ्य तथा सुरक्षाका मापदण्डको पालना गर्ने गराउने | जिल्ला प्रशासन कार्यालय | सवै सेवा प्रदायक | निरन्तर | | अनुगमन प्रतिवेदन |
| ५० | सिमानाका चेक जाँच तथा आवस्यकता अनुरूप शिल गर्ने । | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकायहरू, भन्सार कार्यालय | आवस्यकता अनुसार | | वैठक तथा निर्णयहरू |
| ५१ | सवारी आवतजावत नियन्त्रण, निषेधित क्षेत्र घोषणा | जिल्ला प्रशासन कार्यालय | DCCMC | आवस्यकता अनुसार | | बैठकका निर्णय, अनुगमन तथा कारवाही संख्या |
| ५२ | परिक्षणको दायरा वढाउने | स्वास्थ्य कार्यालय | सुरक्षा निकायहरू, स्थानीय तहहरु, सेवा प्रदायक संघ संस्थाहरू | आवस्यकता अनुसार | | परीणइ संख्या, दैनिक कोरोना प्रतिवेदन |
| ५३ | क्वारेन्टाइन र आइसोलेसनमा रहेको व्यक्तिहरूको जानकारी तथा स्थानको अनुगमन | जिल्ला प्रशासन कार्यालय | सुरक्षा नियकायहरू, स्थानीय तहहरु | नियमित | | अनुगमन प्रतिवेदन |

| सि.न. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि | कार्यान्यवन सूचक |
|---|---|---|---|---|---|---|
| **ङ) विविध** | | | | | | |
| ५४ | गृह सचिव र प्रमुख जिल्ला अधिकारी बीच भएको कार्यसम्पादन करार सम्झौतामा उल्लेख भएअनुसारका क्रियाकलापहरुको पूर्ण कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय, जिल्ला स्थित सुरक्षा निकायहरू | निरन्तर | जिल्लाको शान्ती सुरक्षा, सुशासन, विपद व्यवस्थपान, विकास आयोजनामा समन्वय लगायत सार्वजनिक सेवा प्रवाह जनअपेक्षित हुने । | कार्यसम्पादन सम्झौता कार्यान्वयन प्रतिवेदन |
| ५५ | सामाजिक सुरक्षा भत्तालाई वैंकिङ प्रणालीबाट भुक्तानीको लागि स्थानीय तह एवं वैंक तथा वित्तीय संस्थाहरूसंग समन्वय गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, वैंक तथा वित्तीय संस्था, संचार माध्यम, आम नागरिक | २०७७ असोज मसान्त | सामाजिक सुरक्षा भत्ता वितरण पारदर्शी हुने । | वैंकिङ प्रणालीमा आवद्ध लाभग्राहीहरूको विवरण |
| ५६ | सरकारी तथा सार्वजनिक अतिक्रमण नियन्त्रण गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सरकारी कार्यालयहरू | निरन्तर | सरकारी तथा सार्वनजनिक जग्गाको अतिक्रमण हट्ने । | अतिक्रमण हटाइएको जग्गाको विवरण । |

नोटः स्थानीय प्रशासन ऐन २०२८, शुसासन ऐन २०६४, सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ तथा विभिन्न विषयगत ऐन कानुन अनुसार जिल्लाका सबै सरकारी तथा सार्वजनिक निकायहरुमा सुशासन कायम गर्ने गराउने क्षेत्राधिकार जिल्ला प्रशासन कार्यालयमा रहेको सन्दर्भमा यस कार्ययोजनामा जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालय सुधारका लागि गर्नुपर्ने क्रियाकलापहरूका अतिरिक्त अन्य सरकारी तथा सार्वजनिक निकायहरूमार्फत सम्पादन गर्ने गरी समेत केही क्रियाकलापहरु समावेश गरिएको छ । यसका आधारमा सबै सरकारी निकायहरुले आ-आफ्नो कार्यालयको बार्षिक सुधार योजना तर्जुमा गर्नेछन् ।